नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:- २०७७/७८

चलानी नं.:- २३१

मितिः- २०७८/०३/१०

श्री स्थानीय तह (सबै) ।

विषयः- मेडपा कार्यक्रम सञ्चालन सम्बन्धमा।

प्रस्तुत सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं. ६२८ मिति २०७८/०३/०९ को प्राप्त पत्र संलग्न छ। विस्तृत व्यहोरा अवगत गरी सोही अनुसार हुन आदेशानुसार अनुरोध छ।

२०७८।३।१०

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

**बोधार्थः**

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार ।

श्री सूचना तथा प्रविधि शाखाः- website मा अपलोड गरिदिनु हुन।

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**(औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा)**

सिंहदरवार,
काठमाडौं
नेपाल

प.सं. (औ प्र-२०७७।०७८)
च.नं. ६२८

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरवार, काठमाडौं

मिति २०७८/३/९

श्री गाँउ कार्यपालिका/नगर कार्यपालिकाको कार्यालय,
७५३ वटै ।

बिषयः मेडपा कार्यक्रम सञ्चालन सम्वन्धमा।

उपर्युक्त सम्बन्धमा चालु आ.व. २०७७/७८ देखि गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) लक्ष्य सहित सशर्त अनुदानमा सवै स्थानीय तहमार्फत "गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७" अनुसार सञ्चालन भैरहेको छ। यस निर्देशिकाले लघु उद्यम विकास कार्यक्रम र यसमा निहित छ वटा चरण रहेको मेड-मोडललाई एउटा नमूना कार्यक्रमका रुपमा स्थानीय तहदेखि नै सु-व्यवस्थितरुपमा सञ्चालन गर्ने र यसका लागि उद्यम विकास समिति, अनुगमन उप समिति, कार्यालयले तोकेका फोकल पर्सन र लघु उद्यमका विषयमा अध्ययन गरेका उद्यम विकास सहजकर्ता (ई.डि.एफ.) को महत्वपूर्ण भूमिका अपेक्षा गरिएको छ।

आगामी आ.ब. २०७८/७९ मा समेत शसर्त अनुदान सहितको मेडपा कार्यक्रमलाई निरन्तरता दिईएको हुँदा प्रत्येक स्थानीय तहका लागि कार्यक्रमको लक्ष्य यसैसाथ संलग्न गरी पठाइएको छ । कतिपय स्थानीय तहमा बजेट विनियोजनमा दोश्रो चौमासिक उल्लेख भएकाले कहिले सुरु गर्ने हो भन्ने द्विविधा उत्पन्न भएको जानकारी हुन आएको छ। मेडपा कार्यक्रमको मेड-मोडल कार्यान्वयन गरी एउटा व्यक्तिलाई उद्यमी बनाउन ८-१० महिनासम्म लाग्ने भएको हुँदा मेडपा निर्देशिका, २०७७ को दफा ५ बमोजिम दफा ६ मा उल्लेखित योग्यता भएका ई.डि.एफ.संग सेवा करार गरी दफा १० बमोजिमको कार्ययोजना मुताविक आगामी आ.ब.को कार्यक्रम श्रावण १ गतेदेखि नै सुरु गर्न अनुरोध छ। यसरी उद्यम विकास सहजकर्तासंग सेवा करार गर्दा कार्यक्रमको सफल कार्यान्वयन र सो को दिगोपनाका लागि उपलब्ध भएसम्म उद्यम विकासमा डिप्लोमा गरेका वा सीप परिक्षणमा तह ३(तीन) उत्तीर्ण गरेका उद्यम विकास सहजकर्तालाई प्राथमिकता दिनुहुन र कार्यक्रमका सम्बन्धमा कुनै द्विविधा भए प्रदेशमा रहेका मेडपा टी.ए. का कर्मचारीको सहयोग लिन सकिने व्यहोरा आदेशानुसार अनुरोध छ।

**पुनश्चः-** चालु आ.ब.को मेडपा कार्यक्रमको अन्तिम प्रतिवेदन विद्युतिय माध्यममा ईन्ट्री गरी पठाउन सकिने पत्र प्रास भएकै छ, सो अनुसार चालु आ.ब.को प्रतिवेदन समेत समय मै गर्नुहुन अनुरोध छ।

दिनेश सागर भुसाल
उपसचिव

फोन नं. ४२११५७९, ४२११५४७ फ्याक्स नं. ९७७-१-४२११६१९